# एन्टिभाइरसको माग बढेकाले ई-स्क्यान ल्याएका हौं



**सुभाशिष दास**
बिजनेश डेपलपमेन्ट म्यानेजर
ई-स्क्यान सेक्युरिटी

**ई-स्क्यान कस्तो उत्पादन हो ?**

यो भारतीय उत्पादन हो । सन् १९९३ बाट हामीले काम सुरु गरेका हौं । हालसम्म आउँदा हामीले हाम्रा आधिकारिक शाखाहरू अमेरिका, दक्षिण अफ्रिका, मलेसिया, जर्मनी र नेपालमा विस्तार गरेका छौं । हाम्रो मुख्य कार्यालय भनेको भारतमै हो । नेपालमा एक वर्षदेखि हामीले हाम्रो उत्पादनलाई विस्तार गरिरहेका छौं ।

**नेपालको सेक्युरिटी बजार कस्तो पाउनुभएको छ ?**

सुरुमा हामीले सोचेको थियौं कि नेपालमा पाइरेटेड सफ्टवेयरको बिगबिगी होला । तर, जब हामीले नेपाल भ्रमण गर्‍यौं, यहाँको अवस्था धेरै फरक पाइयो । एन्टिभाइरसको माग र उपयोग भएको महसुस गरेपछि हामीले आफ्नो उत्पादन बिक्रीवितरण सुरु गरेका हौं ।

**नेपालमा यो एन्टिभाइरस कहाँकहाँ उपलब्ध छ ?**

नेपालमा पुतलीसडक, न्यूरोडलगायत काठमाडौंका मुख्य कम्प्युटर बिक्री केन्द्रहरूका साथै नेपालका प्रमुख शहरमा उपलब्ध छ ।

**के हिसाबले यो एन्टिभाइरस अरुभन्दा राम्रो छ ?**

हामीले उपभोक्ताको मन जित्न सफल भएका छौं । हामी प्रयोगकर्तासँगै हुन्छौं । कुनै समस्या आइहाल्यो भने तत्काल समस्या समाधानका लागि सेवा दिइरहेका छौं । हाम्रो उत्पादन कम्प्युटर, वेबसाइटलगायतका डिभाइसको सुरक्षाका लागि प्रतिबद्ध छ । हामी त्यो विश्वास दिलाउन चाहन्छौं ।

**यो एन्टिभाइरसको विश्वबजार कस्तो छ ?**

भारतमा हामी दोस्रो स्थानमा छौं । नेपालमा भने हामी पहिलो स्थानमा आउने योजनाका साथ काम गरिरहेका छौं । अन्य देशमा पनि हाम्रो सेक्युरिटीको बजार निकै राम्रो छ ।

**यो एन्टिभाइरसमा कुनै समस्या आइहाल्यो भने के गर्ने ?**

नेपालका लागि काठमाडौंमा सर्भिस सेन्टर छ । त्यहाँ गएर पनि जानकारी लिन सकिन्छ । साथै, तत्काल कुनै जिज्ञासा तथा समस्या आएको खण्डमा हामीलाई अनलाइनबाट पनि समस्याको समाधान दिइरहेका छौं ।

